# आठबीस नगरपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ९ | संख्याः५ | मितिः२०८२।०६।०८ |

## भाग-२

**आठबीस नगरपालिका, नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

### आठबीस नगरपालिका "प्राविधिक कर्मचारीहरुको फिल्ड सुविधा कार्यविधि, २०८२"

<u>प्रस्तावना</u>ः नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरीय र प्रभावकारी वनाई जनभावना अनुरुप कार्य संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आठबीस नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएपश्चात तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "नगरपालिका" भन्नाले आठबीस नगर कार्यपालिका सम्झनु पर्दछ।

(ख) "प्राविधिक कर्मचारी" भन्नाले आठबीस नगरपालिकामा कार्यरत योजना शाखा, पुर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई सम्झनु पर्दछ।

(ग) "फिल्ड भत्ता" भन्नाले दफा (४) को उपदफा (३) बमोजिम उपलब्ध गराइने भत्ता सम्झनु पर्दछ।

(घ) "योजना तथा कार्यक्रम" भन्नाले नगरपालिकाभित्र संचालितवार्षिक योजना तया कार्यक्रम सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ।

(च) "अनुगमन तथा निरीक्षण" भन्नाले पालिका भित्र संचालित योजना तथा कार्यक्रमको सर्वे, गुणस्तर, भौतिक प्रगति, प्राविधिक मापदण्ड अनुसार कार्यान्वयन भएको वा नभएको जाँच, मूल्याङ्कन तथा सुनिश्चितको लागि गरिने अनुगमन तथा निरीक्षण कार्यलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## फिल्ड भत्ता सम्बन्धि सेवा सुविधा

३. **फिल्ड भत्ता शीर्षकको स्थापना**ः (१) आठबीस नगरपालिकाको फिल्डमा जाने कर्मचारीलाई प्रोत्साहन गर्ने प्रयोजनका लागि फिल्ड भत्ता शीर्षकमा रकम बिनियोजन गरिएको रकमबाट फिल्ड भत्ता उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमका शीर्षकमा रकम विनियोजन नभएको अवस्थामा सम्बन्धित योजना तथा कार्यक्रमबाट कट्टी हुने कन्टेन्जेन्सी रकमबाट फिल्ड भत्ता रकम उपलब्ध गराइनेछ।

(३) फिन्ड भत्ता अनुसूचि (१) मा तोकिए बमोजिम उपलब्ध गराइनेछ।

(४) उपदफा (३) बमोजिमको फिल्ड भत्ता नगरपालिकाको वडा नं. १,२,५,६ र ९ मात्र लागू हुनेछ।

४. **फिल्ड प्रतिवेदन पेश गर्नुपर्ने**ः (१) फिल्डमा जाने कर्मचारीले जुन योजना/कार्यक्रमको लागि काममा खटीई गएको हो सो कामको अनुसूची (२) बमोजिमको फिल्ड प्रतिवेदन र अनुसूची (३) बमोजिम काम गरेको प्रगति झल्किने किसिमका फोटोहरु तयार गरी पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनुपर्नेछ।

## परिच्छेद-३

## विविध

५. **असल नियतले गरेका काम बचाऊ** :(१) यस कार्यविधी बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा कर्मचारी वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन।

(२) प्रचलित कानुन बमोजिम हुने यस कार्यविधीमा भएको व्यवस्थाले प्रचलित कानुन वमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन।

६. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>**: (१) यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउको लागि बाधा अड्काउ फुकाउ गर्ने अधिकार कार्यपालिकाको हुनेछ।

७. **<u>संशोधन तथा खारेजी:</u>** (१) यस कार्यविधिलाई आवश्यकता र औचित्यताका आधारमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

(२) यस "प्राविधिक फिल्ड भत्ता २०८१" खारेज गरिएको छ।

## अनुसूची (१)

## दफा (३) सँग सम्बन्धित

| सेवा | पद | मासिक फिल्ड भत्ता (रु.) |
|---|---|---|
| योजना अनुगमन तथा पूर्वाधार विकास शाखा | अधिकृत स्तर सातौ | १४,०००।- |
| | अधिकृत स्तर छैठो | १२,०००।- |
| | सहायकस्तर पाँचौ | ११,०००।- |
| | सहायकस्तर चौथो | १०,०००।- |

अनुसूची (२)

आठबीस नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

राकम कर्णाली, दैलेख

कर्णाली प्रदेश, नेपाल

**<u>भ्रमण प्रतिवेदन</u>**

**भ्रमण गरिएको स्थलः**

**भ्रमण गरिएको अवधिः..........................देखि............................सम्म।**

| |
|---|
| **१.भ्रमणको उदेश्य :** |
| **२.भ्रमण अवधिका क्रियाकलापहरु :** |
| |
| **३.उपलब्धि तथा सिकाइ :** |
| **४.सुझाव/सल्लाहः** |
| **५.प्रतिवेदन प्रस्तुतकर्ता :** |
| **नाम थर :** |
| **पदः** |
| **हस्ताक्षरः** |

## अनुसूची (३)

**<u>कार्य प्रगती झल्किने फोटोहरु</u>**

| | |
|---|---|
| | |
| | |
| | |

आज्ञाले

(बिनोद कुमार माझी)

प्रमुख प्रशासकीय अधिकृत